# लोक सेवा आयोगको सूचना

## केन्द्रीय कार्यालय, अनामनगर

## सिलबन्दी दरभाउपत्र/बोलपत्र आह्वान सम्बन्धी सूचना

**सूचना नं ३१/२०७७/०७८**

(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति : २०७७/०६/०४)

आ.व.०७७/०७८ मा आयोगलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित कार्यालय सामानहरु तथा सेवा सिलबन्दी दरभाउपत्र/बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रित पूर्वकको सिलबन्दी दरभाउपत्र/बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र/बोलपत्र फाराम खरिद गर्न इच्छुक फर्म, संस्था वा कम्पनीले प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३०औं दिन र दरभाउपत्रको हकमा १५औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व. को लागि नवीकरण भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व.०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वयम् गरेको घोषणा पत्रहरु अनिवार्य रुपमा संलग्न राखी लिखित निवेदन सहित बोलपत्रको हकमा रु.३०००।- (फिर्ता नहुने गरी) र सिलबन्दी दरभाउपत्रको हकमा रु.१०००।-(फिर्ता नहुने गरी) राजस्व दस्तुर बुझाई यस आयोगको जिन्सी शाखा अनामनगरबाट खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन र बोलपत्र ३१औं दिन दिनको १२.०० बजे भित्र यस आयोगको नाममा सम्बोधन गरी दरभाउपत्र/बोलपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरि सही छाप गरी सिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी बुँदा नं १ मा उल्लेख भएका शर्तहरुको अधीनमा रहि सो बमोजिमका कागजातहरु संलग्न राखी यस आयोगको प्रशासन शाखामा दर्ता गराइसक्नु पर्नेछ । सो सिलबन्दी दरभाउपत्र/बोलपत्र दर्ता गर्ने अन्तिम दिनको २.०० बजे बोलपत्रदाता/दरभाउपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधीहरु समेतको रोहबरमा खोलिने छ । सिलबन्दी दरभाउपत्रदाता/बोलपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. सिलबन्दी बोलपत्र/दरभाउपत्र साथ जमानत वा तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम कार्यालय कोड २१-०००-३५०१ र कोष तथा लेखा नियन्त्रक समन्वय कार्यालय, थापाथलीको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता नं.१२०-१२००-००१-००२५२४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस आयोगको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरि बोलपत्रको हकमा १२० दिन र दरभाउपत्रको हकमा ९० दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bid bond) संलग्न गरी पेश गर्नुपर्ने छ ।

४. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको सिलबन्दी बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

५. बोलपत्र/दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

६. बोलपत्र/दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उल्लेखित कार्यहरु क्रमशः कार्यालय खुलेको दिन हुनेछ ।

७. बोलपत्र/दरभाउपत्रको BOQ मा उल्लेखित मालसामानहरु बोलपत्र/दरभाउपत्र स्वीकृती पश्चात् आयोगमा आपूर्ति गर्दा कम्पनीको होलोग्राम भएको Original सामानहरु मात्र आयोगमा उपलब्ध गराउनु पर्ने छ । ठेक्का नं ७ को हकमा आवेदन दिने आवेदकले जिल्ला प्रशासन कार्यालयबाट छपाइ सम्बन्धी कार्य गर्नको लागि इजाजत प्राप्त गरेको हुनु पर्नेछ ।

८. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहने छ ।

९. प्रत्येक ठेक्का नं. को फरक फरक टेण्डर डकुमेन्ट खरिद गरी पेश गर्नुपर्नेछ । यस सम्बन्धी सूचना आयोगको **website: www.psc.gov.np** मा समेत हेर्न सकिनेछ ।

१०. बोलपत्र/दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस आयोगको जिन्सी शाखामा सम्पर्क गर्न सकिने छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | जमानत रकम रु. | दरभाउपत्र/ बोलपत्र दस्तुर रु. | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १/२०७७/०७८ | फोटोकपी पेपर | ४२,०००.०० | १,०००.०० | २०७७/०६/१८ (कार्यालय समयभित्र) | २०७७/०६/१९ (१२ बजे सम्म मात्र) | सिलबन्दी दरभाउपत्र |
| २. | २/२०७७/०७८ | शुद्ध पिउने पानी | २१,०००.०० | १,०००.०० | | | |
| ३. | ३/२०७७/०७८ | कार्यालय सरसफाइ | ४०,०००.०० | १,०००.०० | | | |
| ४. | ४/२०७७/०७८ | फोटोकपी/प्रिन्टर टोनर | ५०,०००.०० | १,०००.०० | | | |
| ५. | ५/२०७७/०७८ | खाम तथा कपडाको थैला | ५०,०००.०० | १,०००.०० | | | |
| ६. | ६/२०७७/०७८ | कार्यालय सामान तथा मसलन्द | १४०,०००.०० | ३,०००.०० | २०७७/०७/०३ (कार्यालय समयभित्र) | २०७७/०७/०४ (१२ बजे सम्म मात्र) | सिलबन्दी बोलपत्र |
| ७. | ७/२०७७/०७८ | उत्तरपुस्तिका छपाइ | ८०,०००.०० | ३,०००.०० | | | |

**Website:- www.psc.gov.np**